बैठक संख्या ५९ मिति २०७७।०९।०२

आज मिति २०७७।०९।०२ गतेका दिन विहान ७.०० वजे यस देवघाट गाउँपालिकाका अध्यक्ष श्री दुर्ग बहादुर थापाज्यूको अध्यक्षतामा देवघाट गाउँकार्यपालिकाको बैठक वस्यो ।

उपस्थिति

| नाम थर | पद |
|---|---|
| १. श्री दुर्ग बहादुर थापा | गा.पा. अध्यक्ष |
| २. श्री बिमला थापा | गा.पा. उपाध्यक्ष |
| ३ श्री नरहरि सापकोटा | सचिव ( प्रमुख प्रशासकीय अधिकृत) |
| ४. श्री भीम बहादुर गुरुङ | १ नं वडाध्यक्ष |
| ५. श्री पोल बहादुर आले | २ नं वडाध्यक्ष |
| ६. श्री कृतिमान आले | ३ नं वडाध्यक्ष |
| ७ श्री पदम बहादुर गुरुङ | ४ नं वडाध्यक्ष |
| ८. श्री याल बहादुर गुरुङ | ५नं वडाध्यक्ष |
| ९. श्री चन्द्र प्रकाश वि.क. | गा.का.पा. सदस्य |
| १०. श्री रत्न बहादुर बोटे | गा.का.पा. सदस्य |
| ११. श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| १२. श्री भोगीमाया राना | गा.का.पा. सदस्य |
| १३. श्री अनिता गुरुङ | गा.का.पा. सदस्य |
| १४. श्री यम माया गुरुङ | गा.का.पा. सदस्य |

कर्मचारी उपस्थिति

श्री उमानाथ ढकाल लेखा अधिकृत

श्री गोविन्द प्रसाद पौडेल, अधिकृत

श्री ध्रुव आचार्य

## देवघाट गाउँपालिका

**वैठक संख्या ५९** **मितिः २०७७/०९/०२**

**प्रस्तावहरुः**

१. समिक्षा .................
२. IEE प्रतिवेदन स्वीकृत सम्बन्धमा ।
३. IEE प्रतिवेदन बमोजिम नदिजन्य पदार्थको ठेक्का लगाउने सम्बन्धमा ।
४. भुवनटार घाट र कालीभतेरी घाटको गत आ.व.मा ठेक्का लगाइएको नदीजन्य पदार्थ उत्खनन गर्न अनुमती दिने सम्बन्धमा ।
५. कोटा डम्पिङ्ग साइट सम्बन्धमा ।
६. फोहोर गाडी ढाला निर्माण सम्बन्धमा ।
७. फोहोर संकलन (कोटा) रकम थप सम्बन्धमा ।
८. बर्थिङ्ग सेन्टरहरुमा काम गर्ने स्वास्थ्यकर्मीहरुको लागि बिदाको दिनमा कार्य गरे बापत दिईने प्रोत्साहन रकम सम्बन्धमा ।
९. प्रधानमन्त्री रोजगार कार्यक्रमको योजना परिमार्जन सम्बन्धमा ।
१०. प्रधानमन्त्री योजनाहरुको कार्यान्वयनको लागि निर्माण सामाग्री खरिद सम्बन्धमा ।
११. झोलुङ्गे पुल निर्माणको लागि गै.स.स. छनौट गरी कार्यादेश दिने सम्बन्धमा ।
१२. माँ कल्याणी वैदीक कन्या गुरुकुललाई गुरुकुल (विद्यालय) सञ्चालन अनुमती अनुमोदन सम्बन्धमा ।

**निर्णयहरुः**

१. गाउँ कार्यपालिकाको कार्यालयबाट सम्पादन भएका कार्यहरुको समीक्षा गरियो ।
२. यस देवघाट गाउँपालिका अन्तर्गत भएर बग्ने त्रिशुली नदी, कालगण्डकी नदी, सेती नदी अन्तर्गतका तपशिल बमोजिमका घाटहरुका लागि तपशिल बमोजिमका परामर्शदाताहरुले पेश गरेको IEE प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

| सि.नं. | नदीको नाम | घाटको नाम | परामर्शदाता/फर्म |
|---|---|---|---|
| प्याकेज १ | त्रिशुली नदी | भुवनटार घाट | ग्रेट हिमालयन रिसर्च एण्ड कन्सल्ट प्रा.लि. काठमाडौं |
| प्याकेज २ | कालीगण्डकी नदी | गाईघाट, बबैघाट, सेतीभतेरी घाट | बन्दीपुर कन्सल्टेन्सी प्रा.लि. |
| प्याकेज ३ | कालीगण्डकी नदी | कालीगण्डकी नदीका विभिन्न १० वटा घाटहरु | माता मनकामना पावर सप्लायर्स प्रा.लि. दमौली |
| प्याकेज ४ | सेती नदी | सेती नदी अन्तर्गतका विभिन्न ९ वटा घाटहरु | स्पीड सोलुसन नेपाल प्रा.लि. दमौली, तनहुँ |
| प्याकेज ५ | कालीगण्डकी नदी | कालीभतेरी घाट | समाज सेवा समूह फराकचौर दमौली, तनहुँ |

३. यस देवघाट गा.पा. अन्तर्गत राष्ट्रपति चुरे संरक्षण विकास समितिको क्षेत्राधिकार अन्तर्गत पर्ने तपशिल बमोजिमका घाटहरुको नदीजन्य पदार्थ व्यवस्थापन सम्बन्धमा राष्ट्रपति चुरे संरक्षण विकास समितिलाई सहमति प्रदान गर्न जिल्ला अनुगमन समिति तनहुँलाई सिफारिस गरिदिनु हुन अनुरोध गर्ने निर्णय गरियो । साथै जिल्ला अनुगमन समितिको सिफारिस साथ राष्ट्रपति चुरे संरक्षण विकास समितिमा सहमतीका लागि पठाउने र सहमती प्राप्त भए पश्चात ठेक्का प्रक्रिया अगाडी बढाउने निर्णय गरियो । साथै सेती नदी र कालीगण्डकी नदी अन्तर्गतका चुरे संरक्षण क्षेत्र अन्तर्गत नपर्ने अन्य घाटहरुको तत्काल ठेक्का प्रक्रिया IEE प्रतिवेदनमा भएको परिमाणको यातायातको साधनको पहुँच भएको नदीजन्य पदार्थ मौज्दातको अवस्था, नदीजन्य पदार्थको गुणस्तर स्थानीय वा नजिकको बजारमा नदीजन्य पदार्थको मागको अवस्था नदीको वहाव क्षेत्र तथा बजारमा बिक्री हुन सक्ने अवस्था, स्थलगत अध्ययन गरी ५०-९०% ठेक्का लगाउने निर्णय गरियो ।
राष्ट्रपति चुरे संरक्षण विकास समितिमा सहमती माग गर्नुपर्ने नदीघाटहरु:
   १) त्रिशुली नदी तर्फका भुवनटार घाट र सेती भतेरी घाट देवघाट – ५ तनहुँ
   २) कालीगण्डकी नदी तर्फका वडा नं. ५ मा पर्ने कालीभतेरी घाट, साँढेबगर घाट वडा नं. १ मा पर्ने चापखोला घाट, सिद्धिखोला १ नं. घाट, सिद्धिखोला २ नं. घाट, कालिकाटार घाट, वर्षाखोला घाट, बालुवाश्वारा घाट र कोठी घाट ।

४. त्रिशुली नदीको भुवनटार घाटबाट नदीजन्य पदार्थ उत्खनन संकलनका लागि मिति २०७७/१२/०७ गते सन्ध्या सन्देश निर्माण सेवा व्यास ८ तनहुँसँग यस कार्यालयको सम्झौता भए बमोजिम गत वर्ष उक्त निर्माण व्यवसायी मार्फत नगद रकमको भौचर र. ३८,८०,२७८.०० र धरौटी रकम रु. ३,५०,०००.०० गरी जम्मा रकम रु. ४२,३०,२७८.०० (अक्षेरुपी बयालिस लाख तिस हजार दुई सय अठहत्तर रुपैया) जम्मा भएको र कालीगण्डकी नदीको कालीभतेरी घाटबाट नदीजन्य पदार्थ उत्खनन संकलनका लागि सोही फर्म/निर्माण व्यवसायी मार्फत नगद रकम रु. २५,४४,४४५.०० र धरौटी बापत रु. ३,५०,०००.०० गरी कुल रकम रु. २८,०४,४४५.०० (अक्षेरुपी अट्ठाईस लाख चार हजार चार सय पैंतालिस रुपैया मात्र) दाखिला भएको हुँदा त्रिशुली नदीको भुवनटार घाटबाट १५,००० घनमीटर र कालीगण्डकी नदीको कालीभतेरी घाटबाट १५,००० घनमिटर गरी कुल ३०,००० घनमिटर गत वर्ष उक्त फर्मले बोल कबोल गरेको दररेटमा सम्झौता गरी कार्यादेशमा उल्लेख भएको मितिले २ महिना समय सिमा दिने IEE प्रतिवेदनमा उल्लेख भएको खण्डबाट उत्खनन गर्न दिने र बाँकी परिमाणको टेण्डर प्रक्रियाबाट उत्खनन तथा संकलन कार्य गर्ने गराउने निर्णय गरियो । साथै अनुगमन समिति मार्फत नियमित अनुगमन गरी स्थलगत मुचुल्का तयार गरी कार्य अगाडी बढाउने निर्णय गरियो ।

५. फोहोर मैला संकलन तथा व्यवस्थापनका लागि देवघाट १ कोटामा डम्पिङ्ग निर्माण गर्न रु. ५१,०००/- बजेट विनियोजन गर्ने निर्णय गरियो ।

६. दैनिक रुपमा फोहोर मैला संकलन तथा व्यवस्थापनका लागि फोहोर संकलन गर्ने ट्रयाक्टरको ढाला निर्माण गर्न आवश्यक ईष्टिमेट बमोजिम रकम भुक्तानी दिने निर्णय गरियो ।

७. फोहोर मैला संकलन तथा व्यवस्थापनका लागि देवघाट गा.पा. वडा नं. ५ का लागि सुनिश्चित कन्स्ट्रक्सन देवघाट ५ तनहुँसँग सम्झौता भएकोमा देवघाट गा.पा. वडा नं. १ कोटामा फोहोर मैला

संकलन तथा व्यवस्थापन गर्नु पर्ने भएकोले सो कार्यका लागि उक्त कन्स्ट्रक्सनलाई २०७७ कार्तिक १ देखि मासिक रु. ७,५०००/- थप गर्ने निर्णय गरियो ।

८. देवघाट गाउँपालिका अन्तर्गतका विभिन्न बर्थिङ्ग सेन्टरमा चौबिसै घण्टा काम गर्ने स्वास्थ्यकर्मीलाई सट्टा बिदा बापतको रकम भुक्तानी गर्न नसकिएको खण्डमा सुत्केरी डेलिभरी गराए बापत प्रति सुत्केरी केस बराबर रु. १०००/- का दरले १ जना स्वास्थ्यकर्मीलाई प्रोत्साहन स्वरुप रकम उपलब्ध गराउने निर्णय गरियो ।

९. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका चालु आ.व. २०७७/०७८ का स्वीकृत वार्षिक आयोजनामा तपशिल बमोजिम परिमार्जन गर्ने निर्णय गरियो ।

क) चण्डुली पहिरो नियन्त्रण तथा सालडाँडा आरुबोट बसेनीटार गोरेटो बाटो मर्मत, देवघाट १ मा विनियोजित बजेट रु. ३ लाख मध्ये निर्माण सामाग्री खरिदका लागि गा.पा.बाट छुट्याईएको रु. ५० हजार कालिकाटार झोलुङ्गे पुल तटबन्ध निर्माण र शहिदचोक मोटर बाटो नाली खन्ने काम, देवघाट १ कालिकाटार (विनियोजित रु. ४ लाख) मा थप गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

ख) देवघाट – २ को सार्वजनिक स्थलमा पोखरी खन्ने योजनामा विनियोजित रु. २ लाख मध्ये निर्माण सामाग्री खरिदका लागि गा.पा. बाट छुट्याईएको रु. ५० हजार सर्वोदय आ.व. मा ग्यावियन जाली लगाउने, देवघाट – २ (विनियोजित र. ३ लाख) मा थप गर्ने निर्णय गरियो ।

ग) पुलको मुख नाली निर्माण, देवघाट – ५ रु. ३ लाख र कालिका मार्ग नाली निर्माण देवघआट – ५ रु. ३ लाख योजनालाई परिमार्जन गरी वसन्तपुर मार्ग नाली निर्माण देवघाट – ५ रु. ६ लाख बनाउने निर्णय गरियो ।

१०. प्रधानमन्त्री रोजगार कार्यक्रमका योजनाहरुको कार्यान्वयनका लागि गाउँपालिका मार्फत विनियोजित (खर्च शीर्षक २२४१९) को प्रधानमन्त्री रोजगार कार्यक्रम लागत सहभागिताको २५ लाख रकमले स्वीकृत योजनाको लागि निर्माण सामाग्री खरिद गर्नु पर्ने भएकाले प्राविधिक इस्टिमेटका आधारमा तपशिल बमोजिमको परिमाणमा बिशिष्टिकृत निर्माण सामाग्री ग्यावियन जाली गाउँपालिकाले सार्वजनिक खरिद नियमावली बमोजिम खरिद गरी सम्बन्धीत योजना कार्यान्वयन स्थलमा पुर्याईदिन सहजीकरण गर्ने निर्णय गरियो ।

११. यस देवघाट गाउँपालिका अन्तर्गत सञ्चालन हुने झोलुङ्गे पुल कार्यक्रममा समुदायलाई प्राविधिक एवं सामाजिक संगठनात्मक सहयोग पुर्याउनका लागि गैर सरकारी संस्था छनौट गर्नका लागि प्रस्ताव माग गरिएकोमा गैर सरकारी संस्था समन्वय समिति, दमौली तनहुँको प्रस्ताव छनौट भएकोले उक्त संस्थासँग सम्झौता तथा कायदिश दिई काम गर्ने गराउने निर्णय गरियो ।

१२. माँ कल्याणी वैदिक कन्या गुरुकूल देवघाट – ५ तनहुँलाई शैक्षिक सत्र २०७७ देखि आधारभूत तह (कक्षा ६) बाट विद्यालय सञ्चालन गर्न दिइएको अनुमती अनुमोदन गर्ने निर्णय गरियो ।

दुर्गा बहादुर थापा
अध्यक्ष

नरहरि ... कोटा
प्रमुख प्रशासकीय अधिकृत